# प्रदेश राजपत्र


गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, साउन २८ गते, २०८३ साल (संख्या ०६


## भाग ३

### गण्डकी प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

**ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) क्षतिपूर्तिको निर्धारण तथा वितरण कार्यविधि, २०८३**

**प्रस्तावनाः** नेपाल सरकार र एशियाली विकास बैंक (ए.डि.बि.) बिच सम्पन्न ऋण सम्झौता, प्रोजेक्ट एडमिनिस्ट्रेसन म्यानुअल (पि.ए.एम.), ए.डि.बी. को सामाजिक सुरक्षण नीति, २००९ तथा सामुदायिक सहभागिता तथा पुनर्वास योजना (सि.पि.आर.पि.) बमोजिम गण्डकी प्रदेश

भित्र सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार आयोजना (अतिरिक्त लगानी) अन्तर्गत सडक स्तरोन्नति तथा सुधार कार्यको क्रममा निजी तथा सार्वजनिक जग्गामा रहेका घर, टहरा, भवन तथा अन्य भौतिक सम्पत्तिमा प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरूलाई प्रतिस्थापन मूल्यका आधारमा न्यायोचित, पारदर्शी र समयमै क्षतिपूर्ति प्रदान गर्न बाञ्छनीय भएकोले

गण्डकी प्रदेश सडक ऐन, २०८१ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) क्षतिपूर्तिको निर्धारण तथा वितरण कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ भई आयोजना सञ्चालन अवधिभर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोजना" भन्नाले ग्रामीण सडक सञ्जाल सुधार आयोजना (अतिरिक्त लगानी) लाई सम्झनु पर्छ।

(ख) "आयोजना समन्वय इकाई (पि.सि.यू.)" भन्नाले नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गतको केन्द्रीय आयोजना समन्वय इकाईलाई सम्झनु पर्छ।

(ग) "आयोजना सहयोग परामर्शदाता (पि.आई.एस.सि.)" भन्नाले ग्रामीण सडक सुधार आयोजना अतिरिक्त लगानी अन्तरगतको केन्द्रिय आयोजना सहयोग परामर्शदातालाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई (PIU) लाई सम्झनु पर्छ।

(ङ) "गुनासो सुनुवाई समिति" भन्नाले Project Administration Manual (PAM) मा उल्लिखित समितिलाई सम्झनु पर्छ।

(च) “जीविकोपार्जन लागत” भन्नाले पूर्ण क्षति भएको घरधनीलाई बढीमा तीन महिना सम्म अदक्ष कामदारले पाउने जिल्ला दररेट अनुसारको रकमलाई सम्झनु पर्छ।

(छ) “प्रभावित संरचना” भन्नाले आयोजना कार्यान्वयनका क्रममा हटाउन वा स्थानान्तरण गर्नुपर्ने घर, टहरा, भवन तथा अन्य भौतिक सम्पत्तिलाई सम्झनु पर्छ।

(ज) “प्रतिस्थापन मूल्य” भन्नाले प्रभावित संरचनालाई समान प्रकृतिको संरचनाले प्रतिस्थापन गर्दा लाग्ने सम्पूर्ण लागतलाई सम्झनु पर्छ।

(झ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) “स्थानान्तरण लागत” भन्नाले पूर्ण रुपमा क्षति भएको घर संरचनाबाट निस्केका सामाग्रीहरु अर्को बसोवास गर्ने ठाँउसम्म ढुवानी गरी लैजान आवश्यक पर्ने खर्चलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>क्षतिपूर्ति निर्धारणका आधार सम्बन्धी व्यवस्था</u>

३. **<u>क्षतिपूर्ति दिनु पर्नेः</u>** (१) कार्यालयले आयोजना कार्यान्वयनका क्रममा सडक स्तरोन्नतिका लागि निजी वा सार्वजनिक जग्गामा रहेका संरचना हटाउनु परेमा त्यस्ता संरचनालाई प्रतिस्थापन मूल्यका आधारमा क्षतिपूर्ति उपलब्ध गराएर मात्र हटाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम देहायको क्षति भएमा क्षतिपूर्ति रकम उपलब्ध गराइनेछः-

(क) घर, टहरा तथा सार्वजनिक संरचनाको क्षति र पुर्नस्थापना गर्न लाग्ने ढुवानी खर्च,

(ख) जीविकोपार्जनमा पर्न गएको क्षति,

(ग) रुख, इनार, पोखरी, धारा जस्ता सम्पत्तिको क्षति,

(घ) सामुदायिक स्वामित्वका सम्पत्तिमा क्षति।

४. **<u>आयोजनाबाट प्रभावित जोखिमयुक्त व्यक्तिहरु</u>** : (१) आयोजना कार्यान्वयनका क्रममा आयोजनाबाट प्रभावित जोखिमयुक्त व्यक्तिहरु देहाय अनुसार हुनेछन:-

(क) दलित,

(ख) आदिवासी जनजाति,

(ग) संरचना नोक्सान हुने व्यक्ति,

(घ) अपाङ्गता भएका व्यक्ति,

(ङ) सुकुम्बासी/भूमिहीन व्यक्ति,

(च) एकल महिला,

(छ) महिला घरमुली भएका परिवार,

(ज) गरिबीको रेखामुनि रहेका परिवार,

(झ) विपन्न खस आर्य,

(२) उपदफा (१) बमोजिमका व्यक्तिहरुलाई सहायता तथा सुविधा सम्बन्धी व्यवस्था (PAM) मा भएको प्रावधान बमोजिम हुनेछ।

५. **<u>निवेदन पेस गर्नुपर्नेः</u>** (१) आयोजना कार्यान्वयनका सन्दर्भमा संरचनामा क्षति पुगेका र पुग्ने सम्बन्धित सामुदायिक सहभागिता योजना (कम्यूनिटी पार्टिसिपेटरी प्लान) मा समावेश भएका र छुट हुन गएका व्यक्तिले प्लिन्थ एरिया खुल्ने सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा कार्यालयको सिफारिस लिई कार्यालयले सूचना प्रकाशन गरेको मितिले पन्ध्र दिनभित्र निवेदन दिनु पर्नेछ।

(२) सामुदायिक सहभागिता योजना (कम्यूनिटी पार्टिसिपेटरी प्लान) मा छुट भएका संरचना सो संरचनाबाट प्रभावित व्यक्तिहरुले सम्बन्धित (कम्यूनिटी पार्टिसिपेटरी प्लान) मा अध्यावधिक गर्नुपर्नेछ।

६. **<u>क्षतिपूर्ति मूल्याङ्कनका आधार</u>ः** यस परिच्छेद बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा एशियाली विकास बैङ्कको "सुरक्षा नीति २००९", क्षतिपूर्ति, पुनर्वास तथा पुनःस्थापना योजना (कम्यूनिटी पार्टिसिपेटरी प्लान) को प्रभाव न्यूनीकरण तथा हक अधिकार म्याट्रिक्स तथा प्रतिस्थापन मूल्यलाई मुख्य आधार मानिनेछ।

## परिच्छेद-३

## <u>मूल्याङ्कन समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था</u>

७. **मूल्याङ्कन समिति गठन :** (१) आयोजनाबाट प्रभावित संरचना तथा भौतिक सम्पत्तिको क्षतिपूर्ति निर्धारण गर्न देहाय अनुसारको मूल्याङ्कन समिति रहनेछः-

(क) आयोजना कार्यान्वयन इकाई (पि.आई.यू.) प्रमुख -संयोजक

(ख) वरिष्ठ आवासीय इन्जिनियर -सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(घ) मन्त्रालयले तोकेको इन्जिनियर -सदस्य

(ङ) सम्बन्धित सडक हेर्ने सहायक आवासीय इन्जिनियर -सदस्य

(च) परियोजना कार्यान्वयन सहयोग परामर्शदाताको सामाजिक सुरक्षा तथा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण सहायक -सदस्य

(छ) संयोजकले तोकेको कार्यालयका इन्जिनियर -सदस्य सचिव

(२) उपदफा (१) को समितिले आवश्यकता अनुसार विज्ञलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ५(१) बमोजिम पेस भएका निवेदनका आधारमा प्रभावित संरचनाको स्थलगत निरीक्षण गरी विवरण संकलन गर्ने,

(ख) प्रभावित व्यक्तिहरुसँग छलफल अन्तरक्रिया गर्ने,

(ग) प्रतिस्थापन मूल्य निर्धारण गर्ने,

(घ) क्षतिपूर्तिको रकम मूल्याङ्कन गर्ने,

(ङ) क्षतिपूर्तिको मूल्याङ्कित रकम उपर गुनासोका लागि १५ (पन्ध्र) दिने सार्वजनिक सूचना कार्यालय मार्फत सार्वजनिक गर्ने,

(च) क्षतिपूर्ति रकम सम्बन्धी प्रतिवेदन तयार गरी स्वीकृतिका लागि कार्यालय समक्ष पेस गर्ने।

## परिच्छेद-४

**मूल्याङ्कन विधि तथा प्रतिस्थापन मूल्य निर्धारण सम्बन्धी व्यवस्था**

९. **मूल्याङ्कन विधिः** (१) सडक अधिकार भित्र पर्ने क्षेत्रको निजी तथा सार्वजनिक जग्गामा पर्ने घर टहरोको क्षतिपूर्ति निर्धारण गर्दा प्लिन्थको क्षेत्रफल परिमाण सर्वेक्षणद्वारा प्रति वर्ग फिटमा गरिनेछ। प्रत्येक तल्लाको क्षेत्रफल जम्मा गरी कुल क्षेत्रफल कायम गरिनेछ। उक्त क्षेत्रफललाई अनुसूची-१ बमोजिमको दररेटले गुणान गरी कुल रकम कायम गरिनेछ। मूल्याङ्कित क्षतिपूर्तिमा ह्रासकट्टी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) क्षतिपूर्तिको दररेट अनूसुची-१ बमोजिम हुनेछ ।

१०. **प्रतिस्थापन मूल्य निर्धारणका आधार**ः (१) मूल्याङ्कन समितिले देहाय बमोजिमका विषयका आधारमा प्रतिस्थापन मूल्य निर्धारण गर्नेछः-

(क) जीविकोपार्जन लागत,

(ख) स्थानान्तरण लागत,

(ग) घरभाडा ।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा जिल्ला दररेटलाई आधार लिनुपर्नेछ।

## परिच्छेद-५

## गुनासो सुनुवाई र भुक्तानी सम्बन्धी व्यवस्था

११. **गुनासो सुनुवाई**ः (१) दफा ७ बमोजिम गठित मूल्याङ्कन समितिले निर्धारण गरेको क्षतिपूर्ति रकममा चित्त नबुझेमा प्रभावित व्यक्तिले समितिले निर्णय गरेको मितिले १५ (पन्ध्र) दिन भित्र परियोजना प्रशासन पुस्तिका Project Administration Manual (PAM) मा उल्लेखित पहिलो तहको गुनासो सुनुवाई समितिमा निवेदन दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासो पहिलो तहको गुनासो सुनुवाई समितिले दफा ८ बमोजिमको मूल्याङ्कन समितिमा दावीको आधार र कारण सहित छलफल गर्नु पर्नेछ।

(३) गुनासोका आधार र कारण मनासिव भएमा मूल्याङ्कन समितिले क्षतिपूर्तिको मूल्याङ्कित रकम पुनरावलोकन गरी स्वीकृतिको लागि कार्यालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

१२. **प्रतिवेदन स्वीकृत गर्ने:** कार्यालयले मूल्याङ्कन समिति मार्फत पेस हुन आएको क्षतिपूर्ति निर्धारण प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ।

१३. **क्षतिपूर्ति भुक्तानी गर्नुपर्ने:** (१) कार्यालयले क्षतिपूर्ति प्राप्त गर्ने व्यक्तिहरुको विवरण र क्षतिपूर्ति रकम आफ्नो कार्यालय वा मन्त्रालयको वेबसाईट र सम्बन्धित वडा कार्यालय मार्फत प्रभावित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रभावित व्यक्तिहरुले क्षतिपूर्ति रकम भुक्तानी लिनका लागि देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाण पत्र,

(ख) बैंक खाता नम्बर,

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(घ) हकवालाको हकमा नाता प्रमाणित,

(ङ) कार्यालयले तोकेका अन्य कागजात,

(३) कार्यालयले उपदफा (१) अनुसारको क्षतिपूर्ति रकम अनुसुची-२ बमोजिम सम्झौता गरी सम्बन्धित व्यक्तिको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-६
## विविध

१४. **सम्झौता गराउनु पर्ने:** दफा १३ को उपदफा (३) बमोजिमको घर, टहरो वा भवनको क्षतिपूर्ति भुक्तानी लिई आयोजनालाई जग्गा दान गरी उपलब्ध गराउन स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधिको उपस्थितिमा सम्झौता गराई दान स्वरुप जग्गा प्राप्ति गर्नुपर्नेछ।

१५. **बाधा नपर्ने सम्बन्धी व्यवस्था:** (१) यो कार्यविधि प्रारम्भ हुनुपूर्व आयोजना कार्यान्वयन अवधि देखि सम्बन्धित प्रभावित आयोजना स्थलमा प्रत्यक्ष प्रभावित व्यक्तिका भत्काईएका र भत्केका घर टहरो र भौतिक संरचनाको क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनका लागि निवेदन दिन, कार्यालयले लिन र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्न बाधा पर्ने छैन।

(२) आयोजना स्थलमा तोकिएको मापदण्ड बमोजिमको भत्काउन आवश्यक भएका भौतिक संरचनाको हकमा सम्बन्धित लाभग्राहीले मूल्याङ्कन समितिमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन संकलन गर्दा सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा पेस गरेको हुनु पर्नेछ। यसरी प्राप्त निवेदन उपर मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदनमा समावेश गरी पेस गर्न सक्नेछ।

## अनुसूची-१

## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

| भवन मुल्याङ्कन दररेट (रुपैयाँ) | | | | |
|---|---|---|---|---|
| | | दररेट प्रति वर्ग फिट | | |
| क्र.स | भवनको प्रकार | सिभिल कार्य | विद्युतीय कार्य | स्यानीटरी कार्य |
| १ | आर. सि. सि. फ्रेम स्थानीय ईट्टा(सिमेन्टको जोडाई),आर.सि. सि. छाना | १८७५ | २५ | १०५ |
| २ | आर. सि. सि. फ्रेम स्थानीय ईट्टा(सिमेन्टको जोडाई),कर्कट पाता छाना | १६१० | २० | ८५ |
| ३ | आर. सि. सि. फ्रेम चाईनिज ईट्टा (सिमेन्टको जोडाई),आर. सि. सि. छाना | २०४५ | २५ | ११० |
| ४ | आर. सि. सि. फ्रेम चाईनिज ईट्टा (सिमेन्टको जोडाई),कर्कट पाता छाना | १७३० | २० | ९० |
| ५ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (सिमेन्टको जोडाई),आर. सि. सि. छाना | १९३५ | २५ | १०५ |
| ६ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (सिमेन्टको जोडाई),कर्कट पाता छाना | १७७० | २० | ९० |
| ७ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (सिमेन्टको जोडाई),टायल छाना | १८८० | २० | ९० |
| ८ | लोड वियरिङ्ग चाईनिज ईट्टाको गाह्रो (सिमेन्टको जोडाई),आर. सि. सि. छाना | १९६० | २५ | १०५ |
| ९ | लोड वियरिङ्ग चाईनिज ईट्टाको गाह्रो (सिमेन्टको जोडाई),कर्कट पाताको छाना | १६९० | २५ | ८५ |
| १० | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (माटोको जोडाई),आर. सि. सि. छाना | २२१० | २८ | १०५ |
| ११ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (माटोको जोडाई),कर्कट पाताको छाना | १८०० | १५ | ८५ |
| १२ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (माटोको | १९०० | १५ | ८५ |

| | | | | |
|---|---|---|---|---|
| | जोडाई),टायल छाना | | | |
| १३ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (माटोको जोडाई),कर्कट पाताको छाना तथा माटो /काठको भुई | १४०० | १५ | ८५ |
| १४ | लोड वियरिङ्ग स्थानीय ईट्टाको गाह्रो (माटोको जोडाई),टायल छाना तथा माटो/काठको भुई | १३८५ | १५ | ८५ |
| १५ | लोड वियरिङ्ग ढुङ्गाको गाह्रो (माटोको जोडाई),कर्कट पाताको छाना तथा माटो/काठको भुई | ९८५ | १५ | ८५ |
| १६ | लोड वियरिङ्ग ढुङ्गाको गाह्रो (माटोको जोडाई),टायल/ढुङ्गा छाना तथा माटो/काठको भुई | १०६० | १५ | ८५ |
| १७ | लोड वियरिङ्ग ढुङ्गाको गाह्रो (सिमेन्टको जोडाई),कर्कट पाताको छाना तथा माटो /काठको भुई | १७०० | १५ | ८५ |
| १८ | लोड वियरिङ्ग ढुङ्गाको गाह्रो (सिमेन्टको जोडाई),टायल छाना तथा माटो/काठको भुई | १७०५ | १५ | ८५ |
| १९ | लोड वियरिङ्ग ढुङ्गाको गाह्रो (सिमेन्टको जोडाई),आर.सि.सि. छाना | २२०० | २५ | १०५ |
| २० | गोठ संरचनाको लागि क्र.स १ देखी १९ सम्मका उल्लेखित घर संरचनाको प्रकार अनुसार | ३५ % का दरले | | |
| २१ | पाली मात्र क्षति हुनेको हकमा उल्लेखित संरचनाको प्रकार अनुसार | २० % का दरले | | |
| २२ | ट्रस संरचनाको (जस्ता पाता र फलाम)को हकमा प्रति वर्ग फिटको | रु. २१५ का दरले | | |
| २३ | ट्रस संरचनाको (जस्ता पाता र काठ)को हकमा प्रति वर्ग फिटको | रु. १९० का दरले | | |
| २४ | ढुङ्गा र सिमेन्ट जोडाई कम्पाउन्ड वाल प्रति घ.मि. | रु. ६२१० का दरले | | |

| | | |
|---|---|---|
| २५ | ढुङ्गाको र माटोको जोडाई कम्पाउन्ड वाल प्रति घ.मि. | रु. २५७५ का दरले |
| २६ | ढुङ्गाको (Dry Stone) कम्पाउन्ड वाल प्रति घ.मि. | रु. २४०० का दरले |
| | नोटः सेप्टिक ट्याङ्की तथा सोकफिट नभएको हकमा भवनको कुल मूल्याङ्कनमा रु.१,३६,७०० घटाउनु पर्नेछ। | |

## अनुसूची-२

दफा १३ को उपदफा (३) सँग सम्बन्धित

**सडक क्षेत्रको निजी जग्गा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्तिका लागि गरिने सम्झौता पत्र**

आज मिति ........... साल ...........महिना........... दिन यस कार्यालय मार्फत कार्यान्वयन भईरहेको .............. सडक अन्तर्गत .................. कार्यालय/आयोजना (प्रथम पक्ष) ...........गाउँपालिका/नगरपालिका प्रमुख/ प्रतिनिधि ........... को उपस्थितिमा ......... कित्तामा रहेको .............. संरचनाको जग्गाधनी श्री ............. को नाति/नातिनी श्री ...........को छोरा/छोरी ............वर्षको श्री ............. (दोश्रो पक्ष) का बीच सडक क्षेत्रको निजी जग्गा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्ति उपलब्ध गराउन तपसिलको शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ।

**तपसिल**

१. ....... गाउँ/नगरपालिका वडा नं ........... मा बनेको कुल क्षेत्रफल ............ वर्ग फिट को घर टहरो वा भवनको जम्मा रकम रु........(अक्षरेपी ..........) हुनेछ।

२. क्षतिपूर्ति रकम सम्झौता पश्चात ३०% र जग्गाधनीले आफ्नो जग्गामा निर्मित संरचना भत्काएर जग्गा खाली गरे पश्चात बाँकी ७०% रकम प्रथम पक्षले दोश्रो पक्षलाई भुक्तानी गर्नेछ।

३. दोश्रो पक्षले सम्झौता गरी प्रथम किस्ता बुझेको .... दिनभित्र संरचना भत्काई जग्गा खाली गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

४. उपलब्ध गराएको जग्गामा प्रथम पक्षले आवश्यक सडक संरचना निर्माण गर्न सक्नेछ।

५. प्रथम तथा दोश्रो पक्षको सहमतिमा सडकको अन्तिम रेखाङ्कन पश्चात सडकले चर्चेको जग्गा लागत कट्टा गर्न सकिनेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

| | |
|---|---|
| **रोहबरः** | **रोहबरः** |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

आज्ञाले,

ई. नवराज शर्मा

प्रदेश सरकारको सचिव

मुद्रकः- गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५